मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
महोत्तरी, नेपाल

Email: akcmahottari@gmail.com
Website: akcmahottari.p2.gov.np
Phone: 044520495, 9854032245

सूचना नं- २३

# भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।१०।२७

यस **कृषि ज्ञान केन्द्र, महोत्तरी** को चालु आ. व. ०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत **भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम** (स्यालो ट्युबवेल/ ईनार/ विद्युतीय समर्सिबल पम्प/ सर्फेस पम्प/ सोलार पम्प) रहेको हुंदा सो कार्यक्रम सञ्चालन गर्न ईच्छुक कृषक/कृषक समूह/सहकारी/निजी कृषि फर्म/उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन अर्थात् मिति २०८२/११/१२ गते भित्र तपसिलको कागजात सहित अनुसूचि-२ बमोजिम निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। आवेदन फारमको ढाँचा यस कार्यालयको वेबसाईट https://akcmahottari.p2.gov.np/ बाट डाउनलोड गर्न सकिनेछ।

तपसिल:

१. अनुसूची-२ बमोजिमको निवेदन र क्लष्टरमा सिंचाई गर्नका लागि अनुसूची-३ बमोजिम जल उपभोक्ता सम्बन्धी विवरण।

२. **अनुदानग्राहिको योग्यताः**

**बढीमा ४ ईन्चसम्मको व्यासको स्यालो ट्युबवेल जडानका लागि:-**

- कृषि उत्पादनमा संलग्न **२ विग्हा** जग्गा भएको एकल कृषक परिवार।
- एक भन्दा बढी कृषक परिवारहरुको जग्गा मिलाएर **२ विग्हा** जग्गाको क्लष्टरमा सिंचाई गर्ने आपसी सहमती भएका उपभोक्ताहरु मध्येका एकजना कृषक ।
- कृषि सहकारी संस्था/कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमीः प्रचलित कानुन अनुसार दर्ता भएका र लिजमा वा एकल स्वामित्वको कम्तीमा ४ **विग्हा** जग्गामा कृषि उत्पादन कार्यक्रम संचालन गरेको।
- वस्तीभन्दा बाहिर टाढाको खेत १० कठ्ठा भन्दा कम जग्गामा एकल परिवारको स्वामित्वमा एकल खेती गर्ने कृषक परिवारले **२ इन्च व्यासको** स्यालो टयूवेल जडान गर्न ईच्छुक कृषक वा कृषक परिवार।
  - ➢ स्यालो टयुबवेल जडान सम्भाव्य नभएको क्षेत्रमा इनारको हकमा कम्तीमा **५ परिवार र ४ विग्हा** जग्गामा सिंचाई सुविधा पुग्न सक्ने गरी संस्थागत वा आपसी सहमती भएका उपभोक्ताहरु मध्येका एकजना कृषक (लिखित सम्झौता तथा जग्गाको प्रमाण पुर्जा लगायत अन्य कागजात अनिवार्य हुने र नक्शामा जग्गा तथा इनारको सामिप्यता देखिनु पर्ने)

३. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

४. आवश्यक न्यूनतम जग्गाको जग्गाधनीपूर्जाको स्पष्ट स्वयं-प्रमाणित प्रतिलिपी वा लिजमा लिएको अवस्थामा जग्गा धनिपुर्जाको तथा कम्तीमा ५ वर्षको करारनामा पत्रको स्पष्ट स्वयं-प्रमाणित प्रतिलिपी।

५. पेश गरिएको जग्गाको जग्गाधनीपुर्जाको आ.व. २०८२/८३ मा मालपोत तिरेको रसिदको प्रतिलिपि

६. स्थानिय तह/ वडा कार्यालय/ कृषि शाखाको सिफारीस

७. सहकारी/संस्था/समूह/फर्मको हकमा संस्था दर्ता प्रमाणपत्र र नवीकरणको प्रतिलिपी, पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि तथा २०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।

८. कृषक समुह/सहकारीको हकमा कार्यक्रम संचालन सम्बन्धी निर्णयको प्रतिलिपी र अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ।

८२।१०।२६
चैतानन्द राय यादव
जिल्ला प्रमुख

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
महोत्तरी, नेपाल

Email: akcmahottari@gmail.com
Website: akcmahottari.p2.gov.np
Phone: 044520495, 9854032245

# भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।१०।२७

अन्य शर्तहरु:-

- यस ज्ञान केन्द्र र विगत २ बर्ष भित्र अन्य संघ संस्थाबाट स्यालो ट्यूबवेल जडान कार्यको लागि अनुदान लिईसकेका कृषक/ कृषक समुह, कृषि सहकारी तथा कृषि फर्महरुले स्यालो टयुवेलको लागी निवेदन दिन पाउने छैन।
- गत विगत २ आ.व. भित्र यस ज्ञान केन्द्रवाट कुनै किसिमको अनुदान नलिएका (कृपक, कृषक समुह, कृपि सहकारी संस्था, फर्म कम्पनिहरु) तथा बढी लागत सहभागिता गर्ने व्यक्ति/संस्थालाई प्राथमिकता दिइने छ।
- यस कार्यक्रम अन्तर्गत स्वीकृत बजेट र कार्यक्रम संचालन कार्यविधी परिमार्जन/संशोधन भए अनुसार थप घट हुनेछ ।
- प्रस्ताव स्वीकृत/अस्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ ।
- झूटो विवरण पेश गरेको, कुनै किसिमको पेश्की वेरुजु वा अनियमिततामा परेको/ कार्यालयमा खराब आचरण प्रस्तुत गरेका व्यक्ति वा परिवारको आवेदन /निवेदन जुनसुकै वेला रद्द हुनेछ ।

नोट: कार्यक्रम सम्बन्धी थप जानकारीका लागि यस कार्यालयका सुचना अधिकारी श्री अबिरल कुमार महतो कुशवाहा (९८५४०३२२४६) वा यस कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ।

८२।१०।२६
हेमकान्त राय यादव
निमित्त प्रमुख

CamScanner